आज मिति २०८१/१२/०५ गतेका दिन बिहानको ७:४५ बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| १ | श्री गंगाधर तिवारी | प्रमुख |
| २ | श्री शोभाकुमारी क्षेत्री | उप-प्रमुख |
| ३ | श्री कृष्णप्रसाद आचार्य | सचिव |
| ४ | श्री चोलाकान्त पाध्या | वडाध्यक्ष |
| ५ | श्री गंगा नारायण श्रेष्ठ | वडाध्यक्ष |
| ६ | श्री अर्जुनबहादुर कार्की | वडाध्यक्ष |
| ७ | श्री अच्यूत तिवारी | वडाध्यक्ष |
| ८ | श्री नारायण प्रसाद लामिछाने | वडाध्यक्ष |
| ९ | श्री नविन कुमार श्रेष्ठ | वडाध्यक्ष |
| १० | श्री केशर पन्त | वडाध्यक्ष |
| ११ | श्री मनबहादुर कुँवर | वडाध्यक्ष |
| १२ | श्री हितमान गुरुङ | वडाध्यक्ष |
| १३ | श्री अमरबहादुर क्षेत्री | वडाध्यक्ष |
| १४ | श्री रुद्रबहादुर पाठक | वडाध्यक्ष |
| १५ | श्री दुर्गाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १६ | श्री भगवती पौडेल | कार्यपालिका सदस्य |
| १७ | श्री सावित्रा कुमारी शर्मा | कार्यपालिका सदस्य |
| १८ | श्री सुनिता शर्मा | कार्यपालिका सदस्य |
| १९ | श्री कला नेपाली | कार्यपालिका सदस्य |
| २० | श्री नेत्र बहादुर बि.क. | कार्यपालिका सदस्य |
| २१ | श्री चन्द्र बहादुर नपाली | कार्यपालिका सदस्य |
| २२ | श्री बाबुराम विश्वकर्मा | कार्यपालिका सदस्य |
| २३ | श्री देव शर्मा लम्साल | का.वा. वडाध्यक्ष (फ.न.पा. ४) |
| २४ | श्री दुर्गाराज सुबेदी | का.वा. वडाध्यक्ष (फ.न.पा. ९) |
| २५ | श्री सरिता कुमारी शर्मा | का.वा. वडाध्यक्ष (फ.न.पा. ६) |

नगर कार्यपालिकाको कार्यालय
जानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

(आ.व. २०८१।०८२, एघारौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८१/१२/०५ गतेको कार्यपालिका वैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यसअघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका वारेमा समिक्षा भयो ।

२ बिभिन्न विषयगत समितिमार्फत पेश हुन आएका तपशिल बमोजिमका कार्यविधिकरु पारित गरियो ।

क) कृषि तथा पशुसेवा सम्बन्धि मेसिनरी, औजार तथा उपकरण वितरण सम्वन्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८१,

(ख) कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१,

(ग) फलेवास नगरपालिका करार सेवामा कार्यरत कर्मचारीको वचत वृद्धी सम्वन्धि कार्यविधि २०८१,

(घ) बिपन्न, दलित र सिमान्तकृत वर्ग, आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१,

(ङ) द्वन्द्वपीडितहरुको आयआर्जन, शषक्तिकरण तथा क्षमता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१,

(च) पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१,

३ गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत, गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ६ अनुसार गुनासो सुनुवाई समितिको छानविन पश्चात सिफारिस भएका व्यक्तिहरुको गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को अनुसूचि ६ बमोजिमको प्रश्नावली सहितको विवरण नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार, काठमाण्डौमा पठाउने ।

४ चालु आर्थिक वर्ष २०८१।०८२ मा संघीय समपुरक अन्तर्गत निर्माणाधिन लमायखोला लिमिठाना ठानामौला सडक र प्रदेश समपुरक अन्तर्गतको श्रीकाङ शिवचोक पाङराङ वडा कार्यालय सडकको स्तरोन्नती गर्दा दुबै योजनाका निर्माण व्यवसायीद्वारा पेश भएका भेरिएसन आदेश स्वीकृत गरी सोहि अनुसार निर्माण कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने ।

५ चालु वर्षको बजेटमा स्वीकृत 'दुध उत्पादनको प्रतिफलमा आधारित अनुदान' कार्यक्रम पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१, को अधिनमा रही प्रति लिटर रु ३।५०/- (अक्षेरुपी तीन रुपैयाँ पचास पैसा मात्र) का दरले कृषकको खातामा भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने ।

६ यस फलेवास नगरपालिका वडा नं. ६ स्थायी वतन भएका माया नेपाली (ना.प्र.प.नं. ५१३०२०/६१) का पति प्रेम प्रसाद नेपाली विगत लामो समयदेखि धनुष्टंकार, टिटनास लगायत रोगवाट लामो समयदेखि ग्रसित भई गम्भिर बिरामी भई गण्डकी मेडिकल कलेज पोखरामा उपचाररत रहेकोमा हाल नीजको थप उपचारमा आर्थिक अभाव भएको भनी सम्वन्धित वडा कार्यालय र माया नेपालीको निवेदन समेतका आधारमा नीजलाई 'असहाय, अशक्त, बिपन्न, बिरामीहरुलाई आर्थिक सहायता' शिर्षकवाट रु ५० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने ।

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीशेरा, पर्वत
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner